## "सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट (दोश्रो संशोधन) निर्देशिका, २०७३" मा भएको संशोधन सम्बन्धी मुख्य बुदाहरु

- अन्य दर्जा, उत्कृष्ट कार्य र परिचर तर्फ छनौट गर्दा FPU मिशन छनौट समिति गठन भई समितिको पहिलो बैठक बसेको मिति सम्म अनिवार्य रुपमा १५ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्ने ।

- भाषागत एवं प्राविधिक दक्षताको आधारमा मिशनमा छनौट गर्दा सिनियर अधिकृत, जुनियर अधिकृत (Command Element), प्राविधिक समूह, वर्ष जवान र महिला सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा छनौटको अन्य मापदण्ड पूरा गरेका तर कम्तिमा १५ बर्ष सेवा अवधि पूरा नभएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई समेत छनौट गर्न सकिने।

- सशस्त्र प्रहरी बल, नेपालबाट लागू गरिएको BMI अनिवार्य रुपमा उत्तीर्ण भएको हुनुपर्ने।

- दर्जागत आधारभूत र व्यवसायिक तालिम अनिवार्य रुपमा पुरा गरेको साथै शारीरिक सहिष्णुता उच्च भएको र मानसिक तथा शारिरीक रुपमा ठीक भएको हुनुपर्ने।

- समान मितिमा भर्ना तथा पदोन्नति भएका कर्मचारीहरुको हकमा कर्मचारी प्रशासन शाखाबाट प्राप्त भर्ना तथा पदोन्नतिको ज्येष्ठताक्रम अनुसार गरिने ।यसरी छनौट गर्दा विभागीय कारवाहीमा परेको भए कारवाहीमा नपरेकाहरुलाई पहिलो प्राथमिकतामा राखी छनौट गरिने तर पछिल्लो भर्ना तथा पदोन्नति मिति भएका कर्मचारीहरुसँग छनौट गर्नुपर्ने भएमा यो प्रावधान लागू नहुने।

- सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११० को खण्ड (क) बमोजिमको २ वा सो भन्दा बढी विभागीय सजाय भएका कर्मचारीहरुको हकमा FPU मिशन छनौट समिति गठन भई पहिलो बैठक बसेको मिति सम्म ७ वर्ष पूरा भएको हुनुपर्ने।
- यस पूर्व मिशन छनौटमा परी २ वा सो भन्दा बढी पटक नाम कटाएका कर्मचारीहरुको हकमा FPU मिशन छनौट समिति गठन भई पहिलो बैठक बसेको मिति सम्म ५ वर्ष पूरा भएको हुनुपर्ने।

- बढुवाको सम्भावित उम्मेद्वार भई बढुवा फाराम नबुझाएका कर्मचारीको हकमा FPU मिशन छनौट समिति गठन भई पहिलो बैठक बसेको मितिसम्म ३ वर्ष पूरा भएको हुनुपर्ने।

- सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम ११० को खण्ड (क) बमोजिम १ पटक मात्र विभागीय सजाय भएका कर्मचारीहरुको हकमा FPU मिशन छनौट समिति गठन भई पहिलो बैठक बसेको मितिसम्म सजाय फुकुवा भएको १ वर्ष पूरा भएको हुनुपर्ने।

- UN Mission बाट कारवाहीको लागि सिफारिस भएका, मानवअधिकार, लैगिक हिंसा र आर्थिक अनियमितामा अख्तियार प्राप्त निकायबाट कारबाहीमा परेका, कारबाहीको लागि सिफारिस गरीएका र कारबाहीको प्रक्रियामा रहेका स.प्र.क.हरु मिशनको लागि अयोग्य ठहरिने।

- मुलुकी अपराध संहिता, २०७४ लागू हुनु पूर्व बहु-बिवाह गरेको भनी सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, लैङ्गिक शाखाको अभिलेखमा देखिएमा वा अन्य आधिकारिक निकायबाट जानकारी प्राप्त भएमा मिशनको लागि अयोग्य ठहरिने। तर सम्मानित अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला प्राप्त भएको हकमा यो प्रावधान लागू नहुने।

- सिनियर अधिकृत तथा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण जुनियर अधिकृतको छनौट गर्दा निर्धारित संख्याको दोब्बर संख्यामा Pre-FPAT परीक्षामा सहभागी गराई उत्तीर्ण मध्येबाट दर्जागत जेष्ठताको आधारमा छनौट गरिने तर अनुत्तीर्ण भई तोकिएको संख्या अपुग भएमा ज्येष्ठताक्रमको आधारमा निकटतम जुनियरलाई परीक्षामा पुनः सहभागी गराई परीक्षा संचालन गरिने।

- सशस्त्र प्रहरी निरीक्षकको तोकिएको संख्यालाई शत प्रतिशत मानी उक्त संख्याको ८० प्रतिशत खुला भर्नाको ज्येष्ठताक्रमबाट र २० प्रतिशत भर्ना मितिको ज्येष्ठताक्रम अनुसार छनौट गरिने।

- जुनियर अधिकृतलाई तोकिएको कोटा प्रतिशतलाई शत प्रतिशत मानी ६७ प्रतिशतबाट हुन आउने संख्यामा सशस्त्र प्रहरी नायव निरीक्षकको छनौट गरिनेछ। यसरी छनौट गर्दा स.प्र.ना.नि.को कुल संख्यामा प्रविणता प्रमाणपत्र तह उत्तीर्णबाट ४० प्रतिशत र एस.एल.सी. वा सो भन्दा मुनिको शैक्षिक योग्यताबाट ६० प्रतिशत पूर्ति गरिने।

- जुनियर अधिकृतलाई तोकिएको कोटा प्रतिशतलाई शत प्रतिशत मानी ३३ प्रतिशतबाट हुन आउने संख्यामा सशस्त्र प्रहरी सहायक निरीक्षकको छनौट गरिनेछ। यसरी छनौट गर्दा स.प्र.स.नि.को कुल संख्यामा प्रविणता प्रमाणपत्र तह उत्तीर्णबाट ६० प्रतिशत र एस.एल.सी. वा सो भन्दा मुनिको शैक्षिक योग्यताबाट ४० प्रतिशत पूर्ति गरिने।

- अन्य दर्जा अन्तर्गत छनौट गर्दा सशस्त्र प्रहरी बरिष्ठ हवल्दार देखि सशस्त्र प्रहरी जवान सम्मको दर्जाबाट भर्ना मितिको ज्येष्ठताक्रमको आधारमा आवश्यक संख्या छनौट गरिने।

- लगातार वा पटक-पटक गरी १२ (बाह्र) महिनाभन्दा बढी समय ड्यूटी गर्न नसक्ने भनी नेपाल ए.पि.एफ. अस्पतालका सम्बन्धित चिकित्सकको राय अभिलेखबाट देखिएमा मिशन छनौटको लागि अयोग्य ठहरिने तर निज सशस्त्र प्रहरी कर्मचारी १२ (बाह्र) महिना भन्दा बढी ड्युटीमा अनुपस्थित रहेको भए अनुपस्थित रहेको अवधि बराबर पूर्णरुपमा ड्यूटी गरेको भनी अभिलेखबाट देखिएमा तोकिएको मापदण्डको आधारमा मिशन छनौट प्रक्रियामा सहभागी हुन बाधा नपुग्ने।

- छनौट भएका अधिकृतले विशेष कारण बाहेक (प्रसूति, किरिया, विपद्) FPU मिशनमा जान असमर्थता देखाएमा सम्बन्धित दर्जाको वैकल्पिक उम्मेदवारलाई छनौट गरी निजको मनोनयन रद्द गरिने । यसरी रद्द गरेको कर्मचारीले सोही वर्षको SAAT परीक्षामा सामेल हुन पाउने छैन।

- मिशन छनौट पश्चात संचालन हुने Pre-Deployment तालिममा सैद्धान्तिक र व्यावहारिक विषयहरुमा संचालन गरिने स्तर परीक्षाको नतिजामा मुख्य उम्मेद्वार मध्ये कोही उत्तीर्ण हुन नसकेमा वैकल्पिक उम्मेद्वारलाई मिशनमा सहभागी गराउन सिफारिस गरिने।

- FPU मिशन छनौट भई तालिमरत रहेको अवस्थामा अनुशासनहिन एवं आचरण विपरित कार्य गरेमा मिशन सहभागिता रद्द गरिने।

- मिशन छनौट प्रक्रिया पूरा गरी तालिमको लागि रवाना गरी पठाइएका सशस्त्र प्रहरी कर्मचारीहरु किरिया बिदा बाहेक अन्य जुनसुकै कारणले लगातार वा पटक-पटक गरी १५ दिनभन्दा बढी तालिममा अनुपस्थित भएमा मिशन सहभागिता रद्द गरी सोही दर्जाका वैकल्पिक उम्मेदवार मध्ये ज्येष्ठ सशस्त्र प्रहरी कर्मचारीलाई मिशनमा सहभागी गराइने।
- मिशन सहभागिताको लागि व्यक्तिगत पहुँचका माध्यमबाट भनसुन गराउने वा संगठनको नीति निर्देशन विपरीत अनुचित प्रभाव/दवाव गराउने सशस्त्र प्रहरी कर्मचारीहरुलाई विभागीय कारवाही गरि निजलाई अर्को पटकको मिशन छनौटमा सहभागी नगरिने।

- मिशन छनौट पश्चात बढुवा भएकाहरुको हकमा मिशनको कार्यकाल समापन पश्चात मात्र दर्ज्यानी चिन्ह प्रदान गरिने। मिशन छनौट गर्दा जुन दर्जामा छनौट गरिएको हो सोही दर्जाको जिम्मेवारीमा रहि मिशन अवधिभर कार्य गर्नु पर्नेछ र सहभागी सबै दर्जाका स.प्र.क.हरुलाई मिशनको आन्तरिक र वाह्य सबै प्रकारका ड्युटीमा परिचालन गरिनेछ।